# सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना

नेपाल सरकार मन्त्रिपरिषद्को २०८०/७/२३ गतेको बैठकबाट "सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८०" स्वीकृति पश्चात खण्ड (७३) संख्या ३९ नेपाल राजपत्र भाग ३ मिति २०८०/०८/११ मा प्रकाशित भई हाल कार्यान्वयनमा रहेको छ। सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक र सोको प्रयोगकर्ताको स्वनियमनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ निर्देशिका कार्यान्वयनमा आएको छ।

सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले यस निर्देशिका बमोजिम देहाय अनुसारका कार्य गर्नु गराउनु हुन यो सूचना प्रकाशन गरिएको छः

१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था अनुसार यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मले यो सूचना प्रकाशित भएको मितिले तीन महिनाभित्र सूचीकरण गर्नुपर्नेछ।

२) सूचीकरणका लागि सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले आफैं वा आफ्नो प्रतिनिधि मार्फत निर्देशिकाको अनुसूची -१ बमोजिमको ढाँचामा तोकिएका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ। उक्त निवेदन सामाजिक सञ्जाल नियमन इकाईको ई-मेल snru@mocit.gov.np मा पठाउन सकिन्छ। साथै, सो विषयमा केही जिज्ञासा भएमा ०१४२००४३९ मा सम्पर्क गर्न समेत सकिनेछ।

३) सामाजिक सञ्जाल प्रयोगको सम्बन्धमा आएका गुनासो सम्बोधन गर्ने प्रयोजनका लागि सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले नेपालभित्र सम्पर्क विन्दुको व्यवस्था गर्नुपर्नेछ। साथै, निर्देशिका प्रारम्भ हुँदाका बखत नेपालमा कार्यालय नभएका सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले तीन महिनाभित्र कार्यालय स्थापना गर्ने वा सम्पर्क विन्दु तोक्नुपर्नेछ।

४) तोकिएको समय सीमाभित्र सूचीकरण नभएका सामाजिक सञ्जाल प्लेटफर्मलाई मन्त्रालयले नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्नेछ।

५) "सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८०" (नेपाली र अङ्ग्रेजी माध्यम) मन्त्रालयको वेवसाइट (https://mocit.gov.np/) मा राखिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
मितिः २०८०/०८/१५